# <u>नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "नेपाल कानून आयोग (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>नेपाल कानून आयोग ऐन, २०६३ को दफा २ मा संशोधनः</u>** नेपाल कानून आयोग ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) झिकिएको छ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।"

३. **<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा बीस वर्ष लगातार काम गरेको वा कानूनको अध्ययन, अनुसन्धान वा कानून तर्जुमा सम्बन्धी कार्यमा कम्तीमा बीस वर्ष अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) खण्ड (क) मा उल्लिखित योग्यता र अनुभवप्राप्त व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना महिला सहित दुई जना - सदस्य"

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

(२) उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(३) उपदफा (२) मा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

४. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को,-

(१) दफा शीर्षक सहित यस दफामा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,"

५. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **अध्यक्ष र सदस्यको पदावधिः** अध्यक्ष र नेपाल सरकारले नियुक्त गरेको सदस्यको पदावधि नियुक्ति मितिले चार वर्षको हुनेछ।"

६. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को खण्ड (ख१) मा रहेको "सत्तरी" भन्ने शब्दको सट्टा "पैसठ्ठी" भन्ने शब्द राखिएको छ।

७. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ मा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

८. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१), (ठ२) र (ठ३) थपिएका छन् :-

“(ठ१) प्रदेश वा स्थानीय तहबाट मस्यौदा तयार गर्न अनुरोध भई आएमा वा मस्यौदा उपर राय परामर्श माग भई आएमा मस्यौदा तयार गर्ने वा मस्यौदामा राय परामर्श दिने,

(ठ२) प्रदेश र स्थानीय तहबाट निर्माण भएका कानूनको अध्ययन तथा पुनरावलोकनका लागि माग भई आएमा अध्ययन गरी सुझाव दिने,

(ठ३) प्रचलित कानूनको प्रभाव मूल्याङ्कन गर्ने,”

९. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (४) मा रहेका "उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा" भन्ने शब्दहरू झिकिएका छन्।

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) आयोगको बैठकमा आवश्यकताअनुसार विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।"

१०. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **<u>अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकारः</u>** (१) अध्यक्ष र सदस्य आयोगमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) अध्यक्षले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) अध्यक्षको हैसियतमा आयोगले सम्पादन गर्ने दफा १० बमोजिमका कार्यहरू गर्ने,

(ख) कानूनको तर्जुमा, अध्ययन, अनुसन्धान, कानूनको संशोधन र एकीकरण तथा खारेजी सम्बन्धी कार्य गर्ने,

(ग) ऐनको उद्देश्य बमोजिम आयोगले गर्ने कार्य प्रभावकारी रूपमा सञ्चालन गरी आयोगको साख अभिवृद्धि गर्ने,

(घ) नयाँ कानून तथा संशोधन गर्नुपर्ने कानूनको विधेयकको मस्यौदा तयार गर्ने,

(ङ) अन्तर्राष्ट्रिय कानूनको अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने वा सुझाव दिने,

(च) अन्य मुलुकका कानून आयोगसँग समन्वय तथा सहकार्य गरी कानून निर्माणमा त्यस्ता निकायका असल अभ्यासको अनुशरण गर्ने,

(छ) कानून र न्यायका मान्य सिद्धान्त तथा नवीनतम् प्रविधिको उपयोग गरी गुणस्तरीय कानून निर्माण र प्रविधिमैत्री आयोग बनाउन पहल गर्ने,

(ज) आयोगको कार्यसम्पादनमा सामान्य निर्देशन दिने तथा आयोगको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

(झ) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने।

(३) सदस्यले देहाय बमोजिमका कार्य गर्नेछन्:-

(क) अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही कानूनको तर्जुमा, अध्ययन, अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(ख) ऐनको उद्देश्य बमोजिम आयोगले गर्ने कार्य प्रभावकारी रूपमा सम्पादन गर्ने,

(ग) नवीन एवम् प्रवर्द्धनात्मक कार्य गरी आयोगको साख अभिवृद्धि गर्ने,

(घ) आयोगको कार्य सञ्चालनमा अध्यक्षसँग समन्वय र सहकार्य गरी कार्य गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य कार्य गर्ने।"

११. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"१४. **अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः** (१) अध्यक्ष तथा नेपाल सरकारबाट नियुक्त सदस्यले क्रमशः संवैधानिक निकायको प्रमुख तथा सदस्यले पाए सरहको पारिश्रमिक र अन्य सुविधा पाउनेछन्।

(२) अध्यक्षले भैपरी आउने बिदा र पर्व बिदा आफैंले लिन सक्नेछ र अन्य बिदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले स्वीकृत गर्नेछ।

(३) सदस्यले अध्यक्षबाट स्वीकृत गराई बिदा लिन सक्नेछ।

तर भैपरी आउने बिदा र पर्व बिदाको हकमा मौखिक जानकारी गराई बिदामा बस्न र कार्यालय फर्किएपछि स्वीकृत गर्न बाधा पर्ने छैन।"

१२. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

नेपाल कानून आयोग (पारिभिक मसौदा)

“(घ१) आयोगको बैठकमा प्रस्ताव तयार गरी पेस गर्ने,”

**१३. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम विशेषज्ञको सेवा लिने प्रयोजनको लागि आयोगले कानून तर्जुमा, अध्ययन तथा अनुसन्धान लगायतका कार्यमा विशेषज्ञता हासिल गरेको व्यक्तिको सूची तयार गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "आयोगले तोके बमोजिमको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको प्रचलित आर्थिक कार्य सञ्चालन निर्देशिका बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

**१४. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को उपदफा (२) मा रहेका "आयोगले तोके बमोजिमको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको प्रचलित आर्थिक कार्य सञ्चालन निर्देशिका बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

**१५. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ मा रहेका "नेपाल सरकारले तोके बमोजिमको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको प्रचलित आर्थिक कार्य सञ्चालन निर्देशिका बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

**१६. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"**२१. <u>आयोगलाई सहभागी गराउनु पर्नेः</u>** (१) विधायन ऐन, २०८१ बमोजिम सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्दा आयोगबाट तयार गर्ने गरी जिम्मेवारी दिने वा सहभागी गराउनु पर्नेछ।

(२) सङ्घीय संसदमा पेस भएका विधेयकको विषयगत समितिमा **हुने** छलफलमा समितिले आयोगलाई सहभागी गराई विशेषज्ञको रूपमा राय परामर्श लिन सक्नेछ।

(३) प्रदेश तथा स्थानीय तहबाट कानून निर्माण गर्दा त्यस्तो कानूनको मस्यौदा तयार गर्न सम्बन्धित प्रदेशको विषयगत मन्त्रालय तथा स्थानीय तहबाट अनुरोध भई आएमा आयोगले मस्यौदा तयार गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम तयार गरेको मस्यौदा उपर सम्बन्धित सभा वा सभाको समितिले आयोगमा विशेषज्ञ माग गरेमा आयोगले कुनै सदस्य वा कर्मचारी खटाई राय पेस गर्न सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस उपदफाको प्रयोजनको लागि “सभा” भन्नाले प्रदेशको हकमा प्रदेशसभा र स्थानीय तहको हकमा गाउँसभा वा नगरसभा सम्झनु पर्छ।

१७. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ मा रहेको “,उपाध्यक्ष” भन्ने शब्द झिकिएको छ।

१८. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ मा रहेका ",उपाध्यक्ष तथा” भन्ने शब्दहरू झिकिएका छन्।

१९. **<u>मूल ऐनमा दफा २७क. थप:</u>** मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छ:-

“२७क. **<u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>**: यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।”

२०. **<u>खारेजी:</u>** मूल ऐनको दफा ५ र दफा १३ खारेज गरिएका छन्।

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)